नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौं

# करार सेवामा जनशक्ति लिनेसम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०९/०९)

यस कार्यालयको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल श्रमशक्ति सर्वेक्षण,चौथो - २०८२/८३ मा तथ्याङ्क सङ्कलन तथा सुपरीवेक्षण गर्ने कार्यका लागि तपसिल बमोजिमको पद र संख्यामा करार सेवामा व्यक्तिहरु लिई काम गर्नु गराउनुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिबाट १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले कार्यालय मातहतका तपसिल अनुसारका तथ्याङ्क समन्वय कार्यालयमा तोकिएको पदका लागि दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रित नपुगी आएका दरखास्तउपर कुनै कारबाही गरिने छैन।

तपसिलः

| तथ्याङ्क समन्वय कार्यालय | मोरङ | धनुषा | काठमाडौं | कास्की | दाङ | सुर्खेत | कैलाली |
|---|---|---|---|---|---|---|---|
| सुपरिवेक्षक | ३ | २ | ४ | ३ | ३ | ३ | २ |
| गणक | ९ | ६ | १२ | ९ | ९ | ९ | ६ |

**१. न्यूनतम शैक्षिक योग्यताः**

(क) **सुपरीवेक्षक पदका लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०० पूर्णाङ्कको गणित वा तथ्याङ्कशास्त्र विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण।

(ख) **गणक पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०० पूर्णाङ्कको गणित वा तथ्याङ्कशास्त्र विषय लिई प्रवीणता प्रमाणपत्र (१०+२) तह वा सो सरह उत्तीर्ण।

(ग) कर्मचारी छनौट गर्दा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिएका नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षणमा काम गरी अनुभव प्राप्त गरेकालाई प्राथमिकता दिईनेछ।

२. **उम्मेदवारको उमेरको हदः** निवेदन दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

३. **कामको विवरणः** गणकले तथ्याङ्क सङ्कलन र सुपरिवेक्षकले तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य गर्नुपर्नेछ।

४. **कार्य गर्नु पर्ने स्थानः** करार सेवामा नियुक्त कर्मचारीले छनौट गरिएको प्रदेशको जुनसुकै स्थानमा र आवश्यक परेको खण्डमा अन्य प्रदेशमा समेत खटिई सर्वेक्षणको कार्य गर्नुपर्नेछ।

५. **दरखास्तका साथ निम्न कागजात पेश गर्नुपर्नेछः**

(क) नेपाली नागरिकताको प्रमाण पत्र

(ख) शैक्षिक योग्यताको स्वंयबाट प्रमाणित प्रतिलिपि

(ग) तालिम तथा अनुभवको प्रमाणपत्र

६. **सम्पर्क गर्ने स्थानः** दरखास्त पेश गरेको तथ्याङ्क समन्वय कार्यालय।

७. **छनौट विधिः** प्राप्त हुन आएका दरखास्तहरु अध्ययन गरी उम्मेदवारको अनुभव तथा शैक्षिक योग्यताको आधारमा कार्यालयले प्रारम्भिक सूची तयार गर्ने र यस्ता उम्मेदवारहरुको अन्तर्वार्ता लिई अन्तिम छनौट गरिनेछ।

८. **तलब तथा सेवा सुविधाः** सुपरीवेक्षकका लागि नेपाल सरकारको रा.प. अनं. प्रथम श्रेणी र गणकका लागि रा.प अनं. द्वितीय श्रेणीको तलब र स्थलगत कार्यमा खटिंदा नियमानुसारको दैनिक भ्रमण भत्ता।

९. **कार्य अवधि** : करार सेवा उपलब्ध गराउने व्यक्तिको कार्य अवधि चालु आ.व. २०८२।८३ मा असार मसान्त सम्मको लागि र व्यक्तिको कार्य सन्तोषजनक भएमा आ.व. २०८३।८४ मा बढीमा ७ महिना १५ दिनका लागि निरन्तरता दिन सकिनेछ।

१०.दरखास्त फाराम राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयहरुमा उपलव्ध हुनेछ। साथै, कार्यालयको वेवसाईट www.nsonepal.gov.np मा समेत उपलव्ध छ।